फोन नं. ०७५-५२०००२
०७५-५२०३१०

लुम्बिनी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय

# डिभिजन वन कार्यालय, पाल्पा

तानसेन

## दोश्रो पटक प्रकाशित सूचना मिति : २०८२।१२।०५

उपर्युक्त विषयमा यस डिभिजन वन कार्यालय, पाल्पाबाट विशेष सुराकी सूचनाको आधारमा मिति २०८१/११/०९ गते जिल्ला पाल्पा रामपुर नगरपालिका वडा नं ६, तालपोखरा स्थित रामपुर स:मिलमा विना इजाजत वन पैदावार ओसार पसार गरी राखेको अवस्थामा पक्राउ परी मुद्दा नं ०८१-C२-०००४ विना इजाजत वन पैदावार ओसार पसार संकलन गरी राखेको मुद्दा अर्न्तगत जफत भई लिलाममा चढ्न आएका तपशिल बमोजिमका जातका गोलिया काठहरु हाल जे जस्तो अवस्थामा छन् सोही अवस्थावाट उठाई लैजाने गरी शिलबन्दी बोलपत्रद्धारा लिलाम विक्रि गर्नु पर्ने भएकोले मिति २०८२।१२।०५ गतेको बुटवल टुडे राष्ट्रिय दैनिक पत्रिकामा १५ (पन्ध्र) दिने सूचना प्रकाशित गरी शिलबन्दी बोलपत्र आब्हान गरिएको छ । मू.अ.करमा दर्ता भएका तथा स्थायी लेखा नम्बर प्राप्त वन पैदावारमा आधारित फर्म, कम्पनी, संघ संस्था वा व्यक्तिबाट मिति २०८२।१२।०५ को बुटवल टुडे राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र यस कार्यालयबाट वोलपत्र खरिद गरि १६ (सोह्रौं) दिन यस कार्यालयमा शिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । साथै विस्तृत जानकारीको लागि यस कार्यालयमा कार्यालय समयमा सम्पर्क राख्नु हुन अनुरोध छ ।

### तपसिल

| काठको श्रोत | काठको जात/ किसिम | काठको विवरण | | न्यूनतम मूल्य रु. | कटान मुछान खर्च | घाटगद्दी स्थान | बोलपत्र फारामको दस्तुर रु. |
|---|---|---|---|---|---|---|---|
| | | थान | क्यू.फि. | | | | |
| मुद्दा नं ०८१-C२-०००४ विना इजाजत वन पैदावार ओसार पसार संकलन गरी राखेको मुद्दा अर्न्तगत जफत भएका साल काठ । | साल ए - (चिरान काठ) | १८ | ११.७८ (गोलियामा) | १४,७२५।- | २४१५।- | रामपुर सव डि.व.का., पाल्पाको निवास परिसर, रामपुर, पाल्पा | १०००।- |
| | साल सी | ३७ | १२८.०८ | ७६,८४८।- | २६,२५७।- | | |
| | साल डी | ३३ | ५४.७० | १६,४१०।- | ११,२१४।- | | |
| जम्मा | | ८८ | १९४.५६ | १,०७,९८३।- | ३७,०८१।- | | १०००।- |

**शर्तहरु**

१. बोलपत्र फाराम खरिद गर्न सकिने अन्तिम मिति र समय २०८२।१२।१९ गते ३ बजे भित्र र सो दिन सार्वजनिक बिदा परेमा त्यसको भोलिपल्ट ।
२. वोलपत्र खरिद गर्दा राजश्व शीर्षक नं १४२२९ मा यस कार्यालयको कोड नं. ३२९०१५००१५ मार्फत रा.बा. बैंक, पाल्पामा उल्लेखित बमोजिमको नगद जम्मा गरी सो को भौचर पेश गर्नु पर्नेछ ।
३. बोलपत्र फाराम दाखिला गर्नुपर्ने अन्तिम मिति र समय २०८२।१२।२० गते ३:०० बजे भित्र ।
४. शिलबन्दी बोलपत्र फाराममा कबोल गरेको रकमको १०% ले हुन आउने रकम को.ल.नि.का., पाल्पाको रा.बा. बैंक, पाल्पा शाखामा रहेको ३०३०१००२०२०३०००० प्रदेश धरौटी खातामा नगद जम्मा गरेको सक्कलै भौचर हुनु पर्नेछ ।
५. उल्लेख भए अनुसारको दस्तुर रकम (फिर्ता नहुने गरी) बैक मार्फत तिरी वोलपत्र फाराम खरिद गर्न सकिनेछ ।
६. लिलाम विक्री हुने काठ दाउरा माथि उल्लेखित घाटगद्दी स्थानमा गई हेर्न सकिनेछ ।
७. लिलाममा भाग लिन इच्छुक फर्म, कम्पनी वा व्यक्तिले नेपाली नागरिकताको प्रमाण-पत्र, आयकर दर्ता प्रमाणपत्र, मू.अ.कर दर्ता प्रमाणपत्र (आ.व. ०८२/८३ मा नविकरण गरिएको) का प्रतिलिपी समावेश गर्नुपर्नेछ ।
८. वन पैदावारमा बाधारित कारोवार गर्न इजाजत प्राप्त प्रमाण-पत्रको प्रतिलिपि समावेश गर्नु पर्नेछ ।
९. शिलवन्दी बोलपत्र फाराममा सकार गरिएको रकम अंक र अक्षर दुवैमा स्पष्ट लेख्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।
१०. दर्ता हुन आएको शिलबन्दी बोलपत्र फाराम मिति २०८२।१२।२० गते दिनको ४:०० बजे यस कार्यालयमा खोलिनेछ ।
११. कुनै कारणवश तोकिएको समयमा बोलपत्र खोल्न नसकेमा, सूचना प्रकाशन गरी प्रकाशित सूचनामा तोकिएको समयमा बोलपत्र खोलिनेछ ।
१२. रितपूर्वक पेश नभएको तथा केरमेट भई आएको, म्यादभित्र पेश हुन नआएको शिलवन्दी बोलपत्र फारामलाई मान्यता दिइने छैन ।
१३. शिलवन्दी बोलपत्र फाराम स्वीकृत वा अस्वीकृत गर्ने अधिकार, अधिकार प्राप्त अधिकारीमा निहित हुनेछ ।
१४. लिलाम स्वीकृत भएको जानकारी प्राप्त भएको १० (दश) दिनभित्र वोलपत्र फाराममा सकार गरेको रकम, कटान मुछान खर्च रकम साथै सकार रकम तथा कटान मुछान खर्च समेतको १३% मू.अ.कर तथा आयकर १.५% रकम एकमुष्ट बुझाई लिलाममा चढेको काठ तोकिएको अवधिभित्र उठाई लैजानु पर्नेछ ।
१५. अन्य कुराहरु आर्थिक, ऐन, नियम एवं प्रचलित कानून बमोजिम हुनेछ ।